स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी र निर्माता तथा निर्देशक सन्तोष सेनबीच नयाँ फिल्ममा सहकार्य हुने भएको छ । लामो समयदेखि छलफलमा रहेका उनीहरुबीच पिरियड-ड्रामा फिल्ममा सहकार्य गर्ने सहमति जुटेको छ । यद्यपि, दुवैबीच लिखित सम्झौता हुन बाँकी छ । स्क्रिप्ट 'लक' भएपछि सम्झौता गर्ने गरी उनीहरुबीच भद्र सहमति भएको हो । फिल्म एक्सन प्रधान हुने जनाइएको छ । सन्तोषका अनुसार, फिल्म २ सय वर्षअघिको कथामा बन्नेछ ।

**आजको विचार...**



जुटफुटका... (दुई पेजमा)

डा.डीआर उपाध्याय

टिकटक हुँदै म्युजिक भिडियोमा जमेकी मोडल हुन्, पवित्रा साकी अथार्त 'मिस पबी' । 'मिस पबी' अब कमेडी शोमा देखिने भएकी छन् । उनी विक्की अग्रवालले निर्माण तथा निर्देशनमा ल्याउन लागेको शो 'कमेडी दरबार'मा देखिने भएकी हुन् । शोमा उनी कस्तो भूमिकामा देखिने भने अहिले बाहिर ल्याइएको छैन । 'भूमिका त मलाई पनि थाहा छैन । शोका लागि म एक्साइटेट र हेको छु', उनले भनिन् । 'मिस पबी' पछिल्लो समय फिल्मको दौडमा छिन् । केही अगाडि उनको अभिनय रहने फिल्म 'राजमहल' घोषणा भएको थियो । उक्त फिल्म निर्माण हुने नहुने अहिले अन्यौलता छ ।



❒ वर्ष २९ ❒ अंक २८४ ❒ २०८१ जेष्ठ ०१ गते मंगलबार 14 May 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### डढेलोबाट २६ को मृत्यु

**काठमाडौं,** वैशाख ३१/वैशाखमा अधिकतम् तापक्रममा वृद्धि भएसँगै मुलुकभर भएका आगलागी र वन डढेलोका घटनाबाट धेरै जनधनको क्षति भएको छ । वैशाखमा डढेलो तथा आगलागीका घट्नामा परी देशभर २६ जनाको मृत्यु भएको जनाइएको छ । लामो समय सुक्खा खडेरी हुँदा वैशाखमा मात्र देशभर आगलागीका ८ सय ६१ र डढेलोका ५ सय ७३ घटना भएको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । आगलागीका घटनामा परी २० जनाको मृत्यु भएको थियो भने ७३ जना घाइते भएका थिए । त्यस्तै डढेलोका घटनामा परी छ जनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले जानकारी दिए । आगलागीबाट एक हजार ३ सय ६४ र डढेलोबाट ४ सय ७ घरपरिवार प्रभावित भएका थिए । त्यस्तै यस अवधिमा चट्याङबाट आठ जना, उचाईमा लेक लागेर दुई, बाढी र जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको थियो । वन तथा भू-संरक्षण विभागले दिएको जानकारी अनुसार वैशाख महिनामा मात्र यति धेरै डढेलोका घटना भएको सम्भवत: पहिलो पटक हो ।


# जसपा सरकारबाट बाहिरियो,समर्थन समेत फिर्ता

## प्रधानमन्त्रीले फेरी विश्वासको मत लिनुपर्ने

**हाम्रा संवाददाता**

**पाल्पा,** वैशाख ३१/जनता समाजवादी पार्टी नेपाल सरकारबाट बाहिरिएको छ । सरकारमा रहेका उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादव र वन तथा वातावरण राज्यमन्त्री दीपक कार्कीले सोमबार बिहान राजीनामा दिएर जसपा सरकारबाट बाहिरिएको हो ।

सरकारबाट बाहिरिएको जसपाले सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको छ । संघीय परिषद् अध्यक्ष अशोककुमार राईले बहुमत सांसदसहित पार्टी विभाजन गरेर बाहिरिएपछि वर्तमान सरकारमा अध्यक्ष उपेन्द्र यादव यादव अफ्ठ्यारोमा परेका थिए । पार्टी विभाजनपछि संकटमा परेका यादव मधेश सरकारमा अल्पमतमा परेपछि झन् संकटमा परे हुन् । मधेश सरकारबाट एमाले र माओवादी बाहिरिएर जसपा नेतृत्वलाई



अल्पमतमा पारेपछि अध्यक्ष यादव संघीय सरकारमा रहने वा बाहिरिने भन्ने विषय नैतिकतासँग जोडिएर आएको थियो । सत्ता फेरबदल गर्न सक्रिय भएको भन्दै पार्टी विभाजन भएपनि सत्तामै बसिरहेका उनी ठूलो नैतिक संकटमा फसेपछि अन्तत: सरकारबाटै बाहिरिने निर्णयमा पुगेका हुन् । जसपाले सोमबार नै सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र सभामुख देवराज घिमिरेलाई बुझाएको छ । पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले प्रतिपक्षमा बस्नेबारे पनि यादवले संसद्लाई जानकारी गराएका छन् । उक्त पत्रमा भनिएको छ,'सरकारलाई जनता समाजवादी पार्टी, नेपालले समर्थन गरी सरकारमा समेत सहभागी रहेकोमा अब उपरान्त सरकारलाई दिइएको समर्थन फिर्ता लिई सरकारबाट समेत बाहिरिएकोले संसद्मा प्रतिपक्षमा नै बसी आफ्नो रचनात्मक भूमिका निर्वाह गर्ने बेहोरा जानकारीको लागि अनुरोध छ ।' सरकारमै रहेर वर्तमान सत्ता गठबन्धनका दलसँगको सहकार्यलाई निरन्तरता दिन नसकिने भएकाले जसपा नेपालले प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिने अवस्था आएको जनाएको छ ।

जसपाले समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्री दाहाललाई चौथो पटक विश्वासको मत लिनपर्ने बाध्यता आएको छ । नेपालको संविधानको धारा १०० को उपधारा २ ले सरकारमा सहभागी भएका दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने व्यवस्था छ । सरकार सहभागी नहुने (मन्त्री नबन्ने) तर, सरकारलाई दिएको समर्थन फिर्ता नलिएमा भने विश्वासको मत लिनु पर्दैन । प्रचण्डले पछिल्लो पटक २०८० फागुन ३० गते विश्वासको मत पाएका थिए ।

प्रधानमन्त्री प्रचण्डले आफूलाई प्रतिनिधिसभामा तेस्रो पटक विश्वासको मतका लागि पेश गरेको प्रस्तावको पक्षमा १५७ मत र विपक्षमा ११० मत खसेको थियो । प्रधानमन्त्री प्रचण्डलाई नेकपा एमाले,माओवादी केन्द्र, रास्वपा, जसपा, नेकपा एकीकृत, नागरिक उन्मुक्ति र तीनजना स्वतन्त्र सांसद (प्रभु साह, अमरेश कुमार सिंह र योगेन्द्र मण्डल) ले विश्वासको मत दिएका हुन् ।

काँग्रेस, राप्रपा, राष्ट्रिय जनमोर्चा, लोसपा, जनमतलगायतले मत दिएका थिएनन् । प्रचण्डले त्यसअघि २६ पुस २०७९ मा पहिलो पटक र ६ चैत्रमा दोस्रो पटक विश्वासको मत लिएका थिए । पहिलो पटक बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ जनाले प्रचण्डलाई मत दिएका थिए । दोस्रो पटक बैठकमा उपस्थित २६२ सांसदमध्ये १७२ जनाले मत दिएका थिए । गत २०७९ पुस १० गते काँग्रेसको गठबन्धन तोडेर एमाले नेतृत्वको गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका हुन् ।

# 'मिडिया कमजोर भए लोकतन्त्र कमजोर हुन्छ'



**हाम्रा संवाददाता**

**पाल्पा,** बैशाख ३१/वरिष्ठ पत्रकार एवं पत्रकार महासंघ पाल्पाका संस्थापक अध्यक्ष मेघराज शर्माले मिडिया कमजोर भए लोकतन्त्र कमजोर हुने बताएका छन् । नेपाल पत्रकार महासंघ पाल्पा शाखाको ११ औं अधिवेशनलाई सोमबार तानसेनमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

पत्रकार शर्माले मिडिया तथा सञ्चार माध्यम बलियो भए मात्र लोकतन्त्र बलियो हुने बताए । उनले भने,'अहिले मिडियाहरु दिनहुँ बन्द हुँदै गएका छन्, मिडिया बन्द भएपछि पत्रकारहरु विस्थापित हुँदै गएका छन् , पत्रकारहरु नै नभएपछि लोकतन्त्र नै कमजोर हुँदै जाने परिस्थिति सिर्जना भएको छ ।' शर्माले स्थानीय, प्रदेश र केन्द्रिय सरकारले मिडियालाई बलियो बनाउने गरी नीतिगत रुपमा कार्यक्रमहरु ल्याउनु पर्ने, समानुपातिक विज्ञापन प्रणाली लागु गर्नुपर्नेमा जोड दिए । अधिवेशनमा सचिव यज्ञमुर्ति तिमिल्सीनाको सांगठानिक प्रतिवेदन र कोषाध्यक्ष मुक्ती न्यौपानेको आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको छ । कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी तथा शाखा सल्लाहकार गोविन्द भट्टराई, झपेन्द्र गहिरे, सल्लाहकार राजेश कुमार अर्याल, कमलराज तिमिल्सीना लगायतले महासंघले आफ्ना सदस्यहरुको हकहितमा काम गर्नुपर्ने र सदस्यहरुले पनि महासंघ प्रति जिम्मेवार भएर काम गर्नुपर्ने बताए । कार्यक्रममा महासंघका केन्द्रिय परिषद सदस्य गीता ज्ञवाली, प्रदेश सदस्य मिलन विश्वकर्मा, नवजनचेतना दैनिकका प्रधान सम्पादक जगदीश भट्टराई, नेपाल प्रेस युनियनका केन्द्रिय उपाध्यक्ष माधव अर्याल, प्रेस चौतारी पाल्पाका अध्यक्ष कृष्ण कार्की, नेपाल प्रेस युनियन पाल्पाका सभापति मन गहिरे, समाजवादी प्रेस संगठनका अध्यक्ष पदम गैरे, लगायतले पत्रकारिता पेशा दिनहुँ संकटमा पर्दै गएको, राज्यबाट सहयोग नपाएको, खोज पत्रकारिता हराउँदै गएको, चाकडी पत्रकारिताको विकास भएकोमा चिन्ता व्यक्त गरे । महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाको अध्यक्षता, उपाध्यक्ष भरत शर्माको स्वागत, सचिव यज्ञमुर्ति तिमिल्सीनाको सञ्चालनमा कार्यक्रम भएको थियो । अधिवेशन अन्तर्गत जिल्ला, प्रदेश र केन्द्रको नयाँ नेतृत्वको लागि यही जेठ २६ गते महासंघको निर्वाचन हुने कार्यतालिका रहेको छ ।

# पाल्पामा २५६८ औं बुद्धजयन्ती विविध कार्यक्रम गरी मनाइँदै

**कृष्ण पोखरेल**

**पाल्पा,** बैशाख ३१/प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन मनाइने बुद्ध जयन्ती पाल्पामा पनि विविध कार्यक्रम गरी मनाइँदै छ । बुद्ध जयन्ती मुल समारोह समिति तानसेन पाल्पाले २५६८ औ बुद्धजयन्ती विविध कार्याक्रम गरेर मनाउने तयारी गरेको हो ।

समितिले तानसेनमा पत्रकार सम्मेलन गरी जेठ ५ गते देखी १२ गतेसम्मका कार्यक्रमहरु सार्वजनिक गरेको छ । बैशाख पूर्णिमाको दिनलाई बौद्ध धर्मालम्वीहरुले बुद्धको जन्म दिन, बुद्धत्व प्राप्त गरेको दिन र महापरिनिर्माण ( मृत्यु) भएको दिन त्रि संयोग भएको पवित्र दिनको रुपमा लिने भएकाले बुद्ध पुर्णिमाको रुपमा मनाउने परम्परा रहँदै आएको छ । समितिका अध्यक्ष उत्पल कुमार बज्राचार्यले जेठ ५ देखी १२ गतेसम्मका विविध कार्यक्रमहरु पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेका छन् । पहिलो दिन जेठ ५ गते बौद्ध महास्थविरबाट बौद्ध




झण्डोत्तोलन गर्ने र सबैको सहभागितामा प्रचार प्रसारको लागि नगर क्षेत्रमा शान्ती पदयात्रा गर्ने कार्यक्रम रहेको अध्यक्ष बज्राचार्यले जानकारी दिए । सोही दिन विरेन्द्रपार्क तानसेन टुँडिखेलमा रक्तदान कार्यक्रम, पारिलेक वन श्रीनगरमा सरसफाई, ध्यान शिविर र दिप प्रज्वलन गर्ने, श्रीनगर डवली बताँसेमा बुद्ध मुर्ति अनावरण गर्ने र पाल्पा अस्पतालका विरामीहरुलाई फलफूल वितरण गर्ने कार्यक्रम रहेको उनले बताए ।

जेठ ६ गते महावोधी विहार लहरे पिपलमा विपश्यना ध्यान अभ्यास, बौद्ध टोल बौघागुम्वामा बुद्ध पुजा तथा धार्मिक कार्यक्रम सञ्चालन हुने छ । जेठ ७ गते धर्मचक्र महाविहार तानसेनमा ज्ञानमाला भजन, शील प्रार्थना, बुद्ध पुजा र धर्मदेशना कार्यक्रम र बुद्धसंग सम्बन्धित रहेर माविस्तरीय वक्तृत्वकला प्रतियोगिता, मिसन अस्पतालका विरामीहरुलाई फलफूल वितरण गर्ने कार्यक्रम बनाएको छ । सोही दिनै बौघागुम्वामा बुद्ध पुजा र बालबालिकालाई खेलकुद सामग्री वितरण गर्ने कार्यतालिका रहेको समितिले जनाएको छ । जेठ ८ गते १७ औं भिक्षु विमलानन्द स्मृती दिवस महावोधी विहार लहरेपिपल, पारिलेक वन श्रीनगरमा सरसफाई तथा दिप प्रज्वलन, महाचैत्यविहार टक्सारमा अन्तरमावि नगरस्तरीय चित्रकला प्रतियोगिता, चिर्तुङ्गधारा सन्तोक बौद्धगुम्वामा बौद्ध झण्डोत्तोलन, लक्ष्मी मावि तानसेमा शैक्षिक सामग्री वितरण, आनन्द विहारमा बौद्ध सम्बन्धी साहित्य कार्यक्रम, धर्मचक्रमहाविहारमा दिपप्रज्वलन, बौघागुम्बामा बुद्धपुजा तथा हाजीरी जवाफ कार्यक्रम रहेका मूल समारोह समितिका सचिव ज्ञानकाजी शाक्यले बताए । -बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निजी क्षेत्रको मनोबल उकास

अर्थतन्त्रको एक हिस्सा निजी क्षेत्र हो । व्यक्तिगत वा सामुहिक लगानीद्धारा ब्यापार व्यवसायमा संलग्न वैधानिक हैसियत प्राप्त संस्थालाई निजी क्षेत्र भनेर चिन्ने गरिन्छ । निजी क्षेत्र कुनै पनि देशको नीति कानून बमोजिम स्थापना भएको उद्यमशील, व्यवसायिक ब्यक्ति वा ब्यक्तिहरुको समूह हो । जसको संलग्नता, ब्यापार, ब्यवसाय, वस्तु वा सेवा व्यापार आदिमा रहेको हुन्छ । लगानीको स्वामित्व, कार्यप्रणालीमा नियन्त्रण र ब्यवस्थापनको समग्र अधिकार एक ब्यक्ति वा एकभन्दा बढी ब्यक्तिहरुको समूहमा रहने र यसमा स्वामित्व, ब्यवस्थापन, कार्य सञ्चालन र स्व नियन्त्रणको अधिकार सरकार बाहिर रहने भएकोले यसलाई निजी क्षेत्र भन्ने गरिएको हो । नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ ।

मुलुकको अर्थतन्त्रमा यस क्षेत्रको ७० प्रतिशत योगदान रहेको पाइन्छ । तर सरकारले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण त्यति सकरात्मक देखिदैन । यो अत्यन्त दुखको कुरा हो । बारम्बार राजनीतिक परिवर्तन र अस्थिरताका कारण निजी क्षेत्रका लगानीकर्तामा उत्साह छैन । आमलगानीकर्तामा आत्मविश्वास र मनोबल गुमेको छ । लगानी गरेर पनि त्यसको प्रतिफल पाउन निकै गाह्रो छ । यस्तो अवस्थामा सरकारले ध्यान दिनुपथ्र्यो तर त्यसो गरेको पाइदैन ।

लामो समयको आर्थिक शिथिलताका कारण निजी क्षेत्रका लगानीकर्ताको मनोबल खस्केको छ । निजी लगानीकर्ता तथा व्यवसायीको मनोबल बढाउने प्रयासमा सरकार र यसअन्तर्गतका निकायले कुनै कदम चालेको देखिँदैन । अहिले सरकार र केन्द्रिय बैंकले बढ्दो रेमिट्यान्स आप्रवाह र नियन्त्रणमा रहेको आयात व्यापार तथा यी दुईका कारण उल्लेख्य रूपमा बढेको विदेशी मुद्रा सञ्चिति एवं कम आयातका कारण सिर्जित भुक्तानी सन्तुलनलाई समग्र अर्थतन्त्रको सुधारका सूचकका रूपमा प्रस्तुत गर्दै आएका छन् । तर, आन्तरिक बजारमा भने सहकारीबाट सुरु भएको समस्या अब ठूला उद्योगसम्मै पुगिसकेको छ ।

बजार चलायमान बन्न नसक्दा र बजारमा पुँजी परिचालन कमजोर बन्दा भुक्तानीको चक्र बिग्रिन गएको छ, जसको सबैभन्दा ठूलो मार उद्यमीले भोग्नुपरेको छ । यसर्थ निजी क्षेत्रको मनोबल बढाउने गरी सरकारले नीति तथा कार्यक्रम ल्याउन जरुरी छ ।

### Opinion @ Social Network

जे छ त्यसैमा रमाउँन सिक,
अरुको देखासिखीले जीवन चल्दैन् !!!
*(कौशिक पुजाफेसबुक स्टाटसबाट https://www.facebook.com/kaushikpooja)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जुटफुटका शृंखलामा नियमितता



डा.डीआर उपाध्याय

> *पार्टीभित्र विवाद होस् र पार्टी फुटोस् भन्ने कसैको चाहना होइन । पार्टीहरू बलिया होऊन भन्ने हो । पार्टी, कार्यकर्ता र समर्थकको शुभेच्छा पनि नेताहरू मिलिदिए हुन्थ्यो, नटुक्रिए हुन्थ्यो भन्नेमा हुन्छ । र राजनीति दल र तिनका नेताहरू केका लागि विवाद गर्छन, केका लागि मिल्छन ? थाहा छैन वा चासो छैन । लोकतान्त्रिक दलमा गुटहरू रहनुलाई अस्वाभाविक मानिँदैन । संस्थापनलाई सैद्धान्तिक विचलन र स्वेच्छाचारीबाट रोक्न हरेक पार्टीमा वैकल्पिक धारको आवश्यक छ । पदहरूको खरिद–बिक्रीले दलहरूमा डन, व्यापारीहरूको प्रवेश र आधिपत्य बढ्दै छ । यसबाट पार्टीहरू बच्नुपर्दछ । लोकतान्त्रिक प्रणालीका जीवनआधार दलहरू नै हुन् । यिनको अनुपस्थितिमा लोकतन्त्रले श्वास फेर्दैन । समाजलाई अशिक्षा, अभाव र अन्धविश्वासको भुमरीबाट मुक्त गर्दै मुलुकलाई समृद्ध बनाउने भनेकै राजनीतिक दलहरूले हो । सत्ता र कुर्सी भए नेताहरूलाई पुग्यो । भ्रष्टाचारका शृंखला रोक्ने विषयमा कसैको चासो छैन । नेताहरू पदीय भागबण्डा र राज्यस्रोत माथिको दोहनमा लागिपरेका छन् । मुलुक भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । सत्तारुढ दलहरू राज्यको ढुकुटी सिध्याउन व्यस्त छन् । मुलुकको चिन्ता भए पार्टीहरू फुटने थिएनन् । पुराना पार्टीहरू मक्किदै गएका छन् भने नयाँ भन्नेहरूको हविगत पनि छर्लङ हुँदैछ । नेपालको लोकतान्त्रिक आन्दोलनको मियो प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस इतिहासकै कठिन मोडमा छ । उसले प्रमुख प्रतिपक्षको भूमिकासमेत निर्वाह गर्न सकिरहेको छैन । हरेक राजनीतिक दलमा आस्था र निष्ठा स्खलित भएको छ । धन र बलसँग जोडिएका दलको ध्येय सत्ता स्वार्थभन्दा अरू केही छैन । सिद्धान्त, विधि र पद्धतिलाई तिलाञ्जलि दिइसकेका छन् । हरेक पार्टीमा आ–आफ्ना गुट हावी छन् ।*

नेपाली राजनीतिमा दलहरूमा जुटफुटका विभिन्न शृंखला छन् । स्वार्थ मिल्दा लपक्कै हुने, स्वार्थ नमिल्दा एकअर्कालाई सत्तोसराप गर्ने चलन छ । टुटफुटको शृंखलामा पछिल्लो घटनाक्रमा जनता समाजवादी पार्टी (जसपा) देखिएको छ । सत्ताका लागि मिलाप र स्वार्थका लागि विभाजित हुने नेपाली राजनीतिमा पुरानै रोग हो । सत्ता स्वार्थ नै मधेस केन्द्रित दल जनता समाजवादी पार्टी (जसपा) नेपाल फेरि विभाजित भएको छ ।

दलहरूमा टुटफुट आइरहनु लोकतन्त्रका लागि दुःख हो । पार्टी विभाजित हुनुभनेको लोकतन्त्र कमजोर हुनु हो । यतातर्फ राजनीतिक दलहरूले गम्भीर भएर सोचेको पाइँदैन । जसपा पार्टी अध्यक्ष उपेन्द्र यादव नेपालबाहिर भएको अवस्थामा दरार आएको हो । अशोक राईको नेतृत्वमा जसपा नेपाल विभाजन भएपछि राजनीतिमा नयाँ तरंग पैदा भएको छ । राईले नेतृत्व गरेको पार्टीको नाम जसपा छ । तर, यो पार्टीले निर्वाचन आयोगबाट संवैधानिक तथा कानुनी वैधता पाउँछ वा पाउँदैन बाँकी छ । जसपा नेपालमा १२ जना सांसद थिए । तीमध्ये सातजना राई नेतृत्वको जसपामा छन् । जसपा नेपालका अध्यक्ष यादव उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्री हुनुहुन्छ । उहाँ पटक-पटक मन्त्री भइरहनु भएको छ । मधेस केन्द्रित दलहरू सत्ता स्वार्थका लागि जे गर्न तयार हुन्छन् भन्ने आरोप लाग्दै आएको छ । विसं २०६२/०६३ सालको परिवर्तनपछि सबैभन्दा बढी मधेस केन्द्रित दलहरू विभाजन देखिएको छ । फुटको चरित्र हेर्दा सत्ता स्वार्थमै केन्द्रित देखिन्छ । यी दलले मधेसका जनतालाई पटक-पटक धोका दिएका छन् । जसपा नेपाल किन विभाजित भयो ? विस्तारै खुल्दै जाला । तर विश्लेषण छ, सत्ता स्वार्थ नै अरू कारण छैन । विभाजनमा खासै सैद्धान्तिक तथा वैचारिक मतभेद देखिँदैन । आखिरमा किन र के का लागि जसपा नेपाल फुट्यो ? यो प्रश्नको जवाफ अशोक राईले दिनुपर्छ । हुन त जसपा नेपाल विभाजित हुनु नौलो विषय होइन । यो पार्टी फुट्दै-जुट्दै आएको हो । पार्टी स्थापनादेखि हालसम्म यादव निरन्तर अध्यक्ष छन् । पार्टीभित्र आन्तरिक लोकतन्त्र नभए जस्तो देखिन्छ । मधेसी दलमात्रै होइन कम्युनिष्ट पार्टीहरू पनि धेरैपटक फुटेका छन् । फुटेर बनेका पार्टीहरू शक्तिशाली बन्न सकेका छैनन् । नेपाली कांग्रेस पनि पहिलोपटक मात्रिकाप्रसाद कोइरालाको नेतृत्वमा फुटेको थियो र पछि दोस्रो पटक शेरबहादुर देउवाको नेतृत्वमा विभाजन भएको थियो । तर, उनीहरू दुवैले पार्टी अघि बढाउन सकेनन् । नेपालको राजनीतिक दल बारम्बार फुटेको देखिन्छन् । लेनदेनको कुरा नमिलेपछि पार्टीहरू फुट्छन्, लेनदेन मिल्दा फेरि मिल्छन् । यो त जनतालाई उल्लु बनाउने खेल हो । विभाजित भएको तिनका कार्यकर्ता, समर्थक र मतदातालाई मन पर्दैन । दल विभाजित हुँदा उनीहरू निराश हुन्छन् । नेतालाई गाली गर्छन् । आफूले समर्थन गरेको दल विभाजित हुँदा सबैलाई दुःख लानु स्वभाविक हो । जसपा नेपालका कार्यकर्ता त्यति खुशी देखिँदैनन् । मधेसी शक्ति भनेर लोकप्रिय जसपाले आफूलाई राष्ट्रिय पार्टी भने पनि जनाधार मधेस नै हो । मधेसी शक्ति संगठित हुँदा मधेसको मनमा भरोसाको पालुवा पलाउँछ । शक्ति विभाजित हुँदा मधेसको मन फाट्छ । पार्टी विभाजन अध्यक्ष यादवको राजनीतिक जीवनमा नयाँ घटना भने होइन, बरू नियमित आकस्मिकता हो । एक-दुई वर्षको अन्तरालमा विभाजित भइरहेको हुन्छ । हालको घटना पछिल्लो सन्दर्भमात्रै हो । तत्कालीन एनजीओ 'मधेसी जनअधिकार फोरम' २०६४ वैशाखमा पार्टीका रूपमा स्थापित भएको थियो । तर पार्टीलाई लामो समयसम्म एकीकृत राख्न सकेको देखिँदैन । भाग्यनाथ गुप्ता, किशोर विश्वास, अमर यादव, विजयकुमार गच्छदार, जेपी गुप्ता, सरिता गिरी, महन्थ ठाकुर, डा.बाबुराम भट्टराई, अशोक राई जस्ता नेता र ती नेताको नेतृत्वमा रहेका समूहको लामो सूची बन्छ, जसले यादवसँग मिल्ने/छुट्टिने निर्णय लिएका छन् । अवश्य यादव नेतृत्वको पार्टीमा भित्रिनेहरू पनि नभएका होइनन्, तर एकताबाट प्राप्त लाभभन्दा विभाजनबाट पुगेको क्षति उनका निम्ति उल्लेखनीय छ ।

दलमा निष्ठाको राजनीति छैन । दलहरूले नीति, शिद्धान्त र विचार सबै बिर्सिएका छन् । राजनीतिका नाममा जनतालाई ठग्ने काम मात्र भएको छ । नेताहरू बेइमान भए, आफनो स्वार्थबाहेक अरू केही हेरेनन् । एमालेबाट फुटेर नेकपा (एकीकृत समाजवादी) पनि कुनै नीति, शिद्धान्त र विचार नमिलेर फुटेको होइन, नेतृत्वको हानथापले । फुटको पछि जनता लाग्दैनन् भन्ने यो ज्वलन्त उदाहरण हो । नेकपा एकीकृत समाजवादीका पक्षमा त्यति धेरै जनमत छैन । यी दुवै दलको विचारधारा एउटै हो, मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद । नीति, शिद्धान्त र एउटै भएपछि किन फुटनु परेको होला ? जनतालाई अलमलाएर राजनीति गर्ने बेला सकियो । लोकतन्त्रमा दलहरू ब्लियो बलियो बन्नुपर्छ । पछिल्लो समय जसपा नेपाल विभाजित हुनुभनेको विरोधीलाई खुशी पार्नुमात्रै हो ।

पार्टीभित्र विवाद होस् र पार्टी फुटोस् भन्ने कसैको चाहना होइन । पार्टीहरू बलिया होऊन भन्ने हो । पार्टी, कार्यकर्ता र समर्थकको शुभेच्छा पनि नेताहरू मिलिदिए हुन्थ्यो, नटुक्रिए हुन्थ्यो भन्नेमा हुन्छ । राजनीति दल र तिनका नेताहरू केका लागि विवाद गर्छन, केका लागि मिल्छन ? थाहा छैन वा चासो छैन । लोकतान्त्रिक दलमा गुटहरू रहनुलाई अस्वाभाविक मानिँदैन । संस्थापनलाई सैद्धान्तिक विचलन र स्वेच्छाचारीबाट रोक्न हरेक पार्टीमा वैकल्पिक धारको आवश्यक छ । पदहरूको खरिद-बिक्रीले दलहरूमा डन, व्यापारीहरूको प्रवेश र आधिपत्य बढ्दै छ । यसबाट पार्टीहरू बच्नुपर्दछ । लोकतान्त्रिक प्रणालीका जीवनआधार दलहरू नै हुन् । यिनको अनुपस्थितिमा लोकतन्त्रले श्वास फेर्दैन । समाजलाई अशिक्षा, अभाव र अन्धविश्वासको भुमरीबाट मुक्त गर्दै मुलुकलाई समृद्ध बनाउने भनेकै राजनीतिक दलहरूले हो । सत्ता र कुर्सी भए नेताहरूलाई पुग्यो । भ्रष्टाचारका शृंखला रोक्ने विषयमा कसैको चासो छैन । नेताहरू पदीय भागबण्डा र राज्यस्रोत माथिको दोहनमा लागिपरेका छन् । मुलुक भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । सत्तारुढ दलहरू राज्यको ढुकुटी सिध्याउन व्यस्त छन् । मुलुकको चिन्ता भए पार्टीहरू फुटने थिएनन् । पुराना पार्टीहरू मक्किदै गएका छन् भने नयाँ भन्नेहरूको हविगत पनि छर्लङ हुँदैछ । नेपालको लोकतान्त्रिक आन्दोलनको मियो प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस इतिहासकै कठिन मोडमा छ । उसले प्रमुख प्रतिपक्षको भूमिकासमेत निर्वाह गर्न सकिरहेको छैन । हरेक राजनीतिक दलमा आस्था र निष्ठा स्खलित भएको छ । धन र बलसँग जोडिएका दलको ध्येय सत्ता स्वार्थभन्दा अरू केही छैन । सिद्धान्त, विधि र पद्धतिलाई तिलाञ्जलि दिइसकेका छन् । हरेक पार्टीमा आ-आफ्ना गुट हावी छन् ।

नेपाल आमालाई कहिलेसम्म यो अवस्थामा राखिरहने जागौं, सोचौं, जुटौं आफूलाई सचेत भन्नेहरू । कहिलेसम्म टुलुटुलु हेरेर बसिरहने ? सरकारको ध्यान विकास निर्माणमा भन्दा पार्टीलाई फुटाएर भए पनि कुर्सी जोगाउने र मन्त्री फेर्नेतिर छ । मिलिभगतमा राज्य दोहनको अधिकार कहिलेसम्म ? अलिकति देशको माया छ भने आ-आफ्नो ठाउँबाट खबरदारी गरौं ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेफ्काई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **तुला** : स्वादिष्ट भोजन पाइनेछ । आजको दिनलाई सकारात्मक बनाउने समय छ । |
| **वृष** : कीर्तिमानी काम गर्ने समय छ । चलाखी पूर्ण बोलीले कार्य सिद्ध हुनसक्छ। | **वृश्चिक** : आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । |
| **मिथुन** : प्रेममा सफलता पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ । |
| **कर्कट** : काममा बाधा हुनेछ । आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुनेछैन । | **मकर** : नयाँ कार्यको योजना बन्नेछ । आँटेको काम सफल हुनेछ । |
| **सिंह** : वाहन लाभ हुने समय छ । घरमा अतिथिको आगमन हुनेछ । | **कुम्भ** : शुभ चिन्तकहरूले पूर्ण समर्थन गर्नेछन् । बोली बिक्ने समय छ । |
| **कन्या** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ कामको थालनी हुनेछ । | **मीन** : कार्यमा बाधा आउनेछ । सरकारी निकायको भय रहला । |

## विज्ञान/सूचना प्रविधि

# क्लाउड डेटा कति सुरक्षित ?




**क्यालिफोर्निया।** विश्वभर गुगलको प्रयोग गर्नेको संखया करोडौं छ । गुगलले आफ्ना प्रयोगकर्तालाई क्यौंखाले सुविधा दिइरहेको छ । यसमा गुगल ड्राइभ पनि एउटा हो । तर यस्ता सेवाका कारण कहिलेकाहिँ हामीले समस्या पनि भोग्छौं। अमेरिकाका के रेनी नाम गरेका लेखकलाई पनि यस्तै भयो । गुगल ड्राइभमा आफैंले सेभ गरेर राखेको लाखौं शब्दका कन्टेन्टहरूमा रेनीले पहुँच नै पाएनन् ।

लेखकको कन्टेन्टलाई गुगलले अनुपयुक्त बताएपछि रेनीले गुगल ड्राइभमा सेभ गरेर राखेका २ लाख २२ हजार शब्दमा पहुँच गुमाए । समाचारका अनुसार ती लेखकको कन्टेन्टलाई गुगलले यही मार्च २४ मा अनुचित घोषित गरेको थियो । सो घोषणा लगत्तै उनले गुगल ड्राइभमा पहुँच गुमाए । लेखकले एकै पटकमा १० फरक फरक काम गरिरहेका थिए । ती सबै फाइललाई उनले फरक फरक फाइल र फोल्डरमा गुगल ड्राइभमा सेभ गरेर राखेका थिए । गुगलको कारबाहीपछि ड्राइभमा राखिएको कन्टेन्ट फ्रिज भयो । फोन वा ट्याब्लेटबाट कन्टेन्ट हेर्न पाएनन् । लेखकले गुगल ड्राइभको नियम उल्लैन गरेको चेतावनी कम्पनीले उनलाई कहिले पनि नदिएको दाबी खबरमा गरिएको छ । गुगल ड्राइभले कुनै खाले हिंसा वा बाल यौन विषयवस्तुहरूलाई निषेध गर्दछ । त्यस्ता सामाग्री भएमा गुगलले प्रयोगकर्तालाई चेतावनी पनि दिने गरेको छ । प्रयोगकर्तालै आफ्नो सामग्री सही छ भनेर अपिल वा अनुरोध गर्न सक्छ । के रेनीले गुगलमा राखेका कन्टेन्टमा कुनै प्राविधिक त्रुटि फेला नपारिएको समाचारको दाबी छ । तर गुगलले सिधै कन्टेन्टलाई अनुपयुक्त घोषित गरिदियो ।

**गुगल ड्राइभमा सुरक्षित छ डेटा?**
यस प्रकारको समस्या गुगल ड्राइभमा पहिले पनि देखिएको थियो । त्यसैले डेटा भण्डारण गर्न युजरहरू एउटै क्लाउड सेवामा निर्भर नहुनु वेश हुन्छ । तपाईंले आफ्ना सबै महत्त्वपूर्ण फाइलहरू एउटै ठाउँमा राख्ने गर्नु भएको छ भने भविष्यमा तपाईंलाई पनि यो समस्या आउन सक्छ । आफ्ना महत्त्वपूर्ण डेटा गुमाउन सक्नु हुन्छ । यस्तो अवस्थामा एउटै क्लाउड सेवामा भर नपरेर धेरैमा डेटा सेभ गर्नु उचित देखिन्छ । *-रातोपाटी डटकम*

# इन्टरनेट सेवा प्रदायकबाट खुल्यो राजस्व असुलीको बाटो



सरकारलाई इन्टरनेट सेवा प्रदायकबाट राजस्व असुलीको बाटो खुलेको छ । वर्ल्डलिंकले कर सम्बन्धमा सरकारविरूद्ध हालेको ८ वटै रिट सर्वोच्च अदालतले खारेज गरिदिएपछि इन्टरनेट सेवा प्रदायकबाट राजस्व असुलीको बाटो खुलेको हो ।

उक्त फैसलासँगै सरकारलाई रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क कानुन बमोजिम असुलउपरगर्ने बाटो असुलीको बाटो खुलेको छ । महालेखा परीक्षकले आर्थिक वर्ष २०७२/०७३ को वार्षिक प्रतिवेदन देखि हरेक वर्ष निरन्तर रूपमा इन्टरनेट सेवा प्रदायकले नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी राजस्व सरकारलाई प्राप्त नभएकाले कानुन बमोजिम असुलउपर गर्नुपर्ने बेरूजु भनी औंल्याउँदै आएको थियो।

सोही विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत वर्ष गरेको अनुसन्धानबाट वर्ल्डलिंक लगायत सेवा प्रदायकले कर छली गरेको खुलेको थियो । इन्टरनेट सेवा प्रदायकहरूले कर छली गरेको विषयमा अनुसन्धान गर्न सहसचिव गौरव गिरीको संयोजकत्वमा समिति गठन भएको थियो । उक्त समितिले आर्थिक वर्ष २०६९/७० देखि २०७८/७९ सम्मको अवधिमा ११ वटा इन्टरनेट सेवा प्रदायकहरूले बुझाएको रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास शुल्कको विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गरेको थियो ।

इन्टरनेट सेवा प्रदायकबाट खुल्यो राजस्व असुलीको बाटो प्रतिवेदनमा वर्ल्डलिंक कम्युनिकेसन लगायत ९ वटा इन्टरनेट सेवा प्रदायकले करिब दुई अर्ब ४६ करोड रूपैयाँ सरकारलाई बुझाउन बाँकी रहेको तथा अदालतमा विचाराधीन मुद्दामा रहेको थप २७ करोड ३३ लाख रूपैयाँसमेत असुल गर्न बाँकी रहेको उल्लेख थियो।

उक्त प्रतिवेदनका आधारमा रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास शुल्क असुल गर्न मन्त्रालयले नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको थियो । सो निर्देशनपछि नेपाल दूरसञ्चार प्राधिकरणले स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई अध्ययन गर्ने जिम्मा दिएको थियो ।

चार्टर्ड एकाउन्टेन्टले समेत केही इन्टरनेट सेवा प्रदायकहरुले नेपाल सरकारलाई रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क तिर्न बुझाउन बाँकी रहेको भनी रकमसमेत खुलाई प्रतिवेदन पेस गरेको थियो । नेपाल दूरसञ्चार प्राधिकरण स्रोतका अनुसार नौ वटा इन्टरनेट सेवा प्रदायकबाट रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क वापत कुल तीन अर्ब ६४ करोड रकम असुल गर्न बाँकी रहेको छ । जसमा वर्ल्डलिंक कम्युनिकेसनले १ अर्ब ९६ करोड रूपैयाँभन्दा बढी तिर्न बाँकी छ ।त्यसैगरी भायानेट कम्युनिकेसनबाट ४१ करोड रूपैयाँभन्दा बढी, सुविसुबाट ३३ करोडभन्दा बढी, क्लासिक टेकबाट ३१ करोडभन्दा बढी, टेकमाइण्डबाट ३० करोडभन्दा बढी, वेबसर्फरबाट १२ करोडभन्दा बढी, मर्कन्टायलबाट १० करोडभन्दा बढी, पोखरा इन्टरनेटबाट ४ करोडभन्दा बढी र नेटम्याक्सबाट २ करोड रूपैयाँ भन्दा बढी असुल गर्न बाँकी छ ।

दूरसञ्चार निमयमावली, २०५४ को नियम २६ अनुसार दूरसञ्चार सेवा प्रदायकहरूले वार्षिक कूल आम्दानीको ४ प्रतिशत रोयल्टी राजस्व वापत नेपाल सरकारलाई बुझाउनपुर्ने तथा दूरसञ्चार ऐन २०५३ को दफा ३० बमोजिम वार्षिक आयको २ प्रतिशत रकम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था छ ।

दूरसञ्चार निमयमावली, २०५४ को नियम २६ मा 'वार्षिक कुल आम्दानी' भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा कर, मूल्य अभिवृद्धि करलगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चार सम्बन्धी उपकण बिक्री गर्दा प्राप्त हुने रकमबाहेक दूरसञ्चार सेवा प्रदान गरे वापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउँछ भनी स्पष्ट गरिएको छ । सोही बमोजिम महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा रोयल्टी राजस्व असुलउपर गर्न बेरूजु औंल्याइएको थियो ।

*-सेतोपाटी डटकम*

# 'सूचना प्रविधि क्षेत्रलाई उच्च प्राथमिकता'



**काठमाडौं,** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधिलाई सरकारले आर्थिक समृद्धि र सुशासनको प्रमुख आधारका रूपमा लिएको बताएकी छन्। उनले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमका साथै बजेटमा सूचना प्रविधि क्षेत्रलाई उच्च प्राथमिकता दिइने प्रतिबद्धता पनि व्यक्त गरेकी छन् ।

सूचना तथा सञ्चार प्रविधिमा महिला अन्तर्राष्ट्रिय दिवसका अवसरमा सञ्चार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा मन्त्री शर्माले सुशासनको अभियानलाई अगाडि बढाउन सूचना प्रविधिको विकास आवश्यक रहेको बताइन् । उनले सूचना प्रविधिको प्रयोगबाट मात्रै मुलुकमा सुशासन कायम गर्न सकिने भएकाले सूचना प्रविधि क्षेत्रलाई नीतिगत र संरचनागत रूपमा बलियो बनाउनुपर्नेमा जोड दिइन । मन्त्री शर्माले सूचना प्रविधि क्षेत्रमा महिलाको अनिवार्य सहभागिताका साथै नेतृत्वदायी भूमिकासमेत हुनुपर्नेमा जोड दिँदै आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि नीति तथा कार्यक्रम र बजेटमा विशेष योजना अगाडि सारेको र यस क्षेत्रको विकासका लागि सरकारले नीतिगत तथा संरचनागत व्यवस्था गरेको उल्लेख गरिन् ।

प्रत्येक वर्ष १० हजार युवा जनशक्ति सूचना प्रविधि क्षेत्रमा उत्पादन हुने गरेको भन्दै मन्त्री शर्माले पछिल्लो तथ्यांक अनुसार सूचना प्रविधिसम्बन्धी सेवा निर्यातबाट नेपालमा वार्षिक करिब ६६ अर्ब रुपियाँ विदेशी मुद्रा भित्रिएको बताइन् । उनले भनिन्, 'सूचना प्रविधिको विकासका निम्ति नीतिगत र संरचनागत व्यवस्थामा सरकारको ध्यान गएको छ । यसबिचमा केही ऐन कानुन र पूर्वाधार निर्माण भएका छन् ।' नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक विजयकुमार रायले सूचना प्रविधिको क्षेत्रमा महिलाको पहुँचका साथै नेतृत्वदायी भूमिकाका लागि पहल गर्नुपर्नेमा जोड दिए । उनले सूचना प्रविधिको क्षेत्रमा रहेका विभिन्न चुनौतीलाई विचार र मनन गरी आवश्यक पहलका लागि सम्बन्धित पक्षलाई आग्रह गरे । कार्यक्रममा प्रविधिमा महिला नेतृत्वका लागि नीति तथा कार्यक्रम र प्रविधिमा महिला नेतृत्वसम्बन्धी विषयमा प्यानल छलफल भएको थियो ।

अन्तर्राष्ट्रिय दूरसञ्चार सैको आह्वानमा नेपालमा सन् २०१३ देखि नेपाल दूरसञ्चार प्राधिकरणले यस दिवसलाई विभिन्न रचनात्मक र कार्यक्रमसाथ मनाई विभिन्न सै संस्थालाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा महिलालाई उत्प्रेरित गर्न आह्वान गर्दै आएको छ । अन्तर्राष्ट्रिय दूरसञ्चार सैले 'नेतृत्व' भन्ने मूल नाराका साथ दिवसका कार्यक्रम सञ्चालन गर्न आह्वान गरेको छ । यस वर्ष 'प्रविधिमा महिला' **नेतृत्व** : सबल भविष्यको मातृत्व' राष्ट्रिय नारा तय गरिएको छ । *-गोरखापत्र अनलाइन*

# सुँगुरबाट मिर्गौला प्राप्त गर्ने पहिलो व्यक्तिको निधन



आनुवंशिक रूपमा परिमार्जित सुँगुरबाट मिर्गौला प्राप्त गर्ने पहिलो व्यक्ति रिचर्ड 'रिक' स्लेम्यानको दुई महिनापछि मृत्यु भएको छ । ६२ वर्षका स्लेम्यान को मिर्गौलाले पूर्ण रूपमा काम गर्न छोडेपछि प्रत्यारोपण गरिएको थियो ।

स्लेम्यानको शल्यक्रिया गरिएको म्यासाचुसेट्स जेनेरल अस्पतालले शनिबार एक विज्ञप्ति जारी गर्दै प्रत्यारोपण टोली उनको मृत्युमा दु:खी भएको बताएको छ । अस्पतालका अनुसार उनको मृत्युको कारक प्रत्यारोपण हो भन्ने संकेत भने नभेटिएको दाबी पनि गरेको छ । सुँगुरको मिर्गौला प्रत्यारोपण गरिएका स्लेम्यान राज्यको यातायात विभागका पर्यवेक्षक थिए । उनी धेरै वर्षदेखि मधुमेह र उच्च रक्तचापबाट पीडित थिए, र एक दशकभन्दा बढी समयदेखि मास जनरलमा उपचार गराइरहेका थिए । आफ्नो मिर्गौला फेल भएपछि स्लेम्यानले सात वर्षसम्म डायलासिसमा थिए । अन्तत: सन् २०१८ मा मानव मिर्गौला प्राप्त गरे । तर, प्रत्यारोपण गरिएको अंग पाँच वर्षभित्रै असफल भयो र त्यसपछि उनले पुन: डायलासिस सुरू गर्नुपरेको थियो । जसका कारण उनमा फदयघातलगायत अन्य जटिलताहरू विकास भएका थिए । संयुक्त राज्य अमेरिकामा मात्रै ८ लाखभन्दा बढी मानिसहरूलाई अन्तिम चरणको मिर्गौला रोगले असर गर्छ । जसलाई कुनै एक समय प्रत्यारोपणको आवश्यकता पर्छ । आनुवंशिक रूपमा परिमार्जित सुँगुरबाट प्राप्त हुने मिर्गौलाले अंग प्राप्त गर्नका लागि वर्षौंसम्मको पर्खाइलाई कम गर्न सक्छ । जीवित वा मृत मानव दाताबाट प्राप्त गरिएको मिर्गौला प्रत्यारोपण गर्न एक लाखभन्दा बढी प्रतीक्षा सूचीमा छन् । डायलासिसले मानिसहरूलाई जीवित राख्छ तर सबैभन्दा उत्तम उपाय भनेको अंग प्रत्यारोपण नै हो । तर अंगको चर्को अभावका कारण बर्सेनि हजारौं बिरामी मिर्गौलाको पर्खाइमा मर्ने गरेका छन् । प्रत्येक वर्ष अमेरिकामा कुल २५ हजार मिर्गौला प्रत्यारोपण हुने गर्छ ।

**मान्छेमा सुँगुरको मिर्गौला प्रत्यारोपण**
मानिसमा जनावरको अंगको प्रत्यारोपण गरिने विधा जेनोट्रान्सप्लान्टेसनलाई दशकौंदेखि एक सम्भावित समाधानको रूपमा हेरिएको छ । यसले मिर्गौलालाई अझ व्यापक रूपमा उपलब्ध गराउन सक्छ । तर यसको चुनौती भनेको मानव प्रतिरक्षा प्रणालीले अर्काको तन्तुहरूलाई अस्वीकार गर्छ, जसले जीवनलाई नै जोखिम हुनसक्ने खालका जटिलताहरू निम्त्याउन सक्छ । राम्रोसँग मेल खाएका दाताहरूबाट लिइएको अंगलाई पनि दीर्घकालमा शरीरले अस्वीकार गर्ने जोखिम रहने विशेषज्ञहरू बताउँछन् । हालैका वर्षहरूमा, जिन सम्पादन र क्लोनिङलगायतका वैज्ञानिक प्रगतिहरूले जेनोट्रान्सप्लान्टलाई वास्तविकताको नजिक पुऱ्याएको छ । यसले अंगहरूलाई अझ मिल्दो बनाउन र प्रतिरक्षा प्रणालीद्वारा अस्वीकार गर्ने सम्भावना कम बनाउन जनावरको जिनहरू परिमार्जन गर्न सम्भव बनाएको छ ।

**विश्वमै पहिलो पटक मानिसमा सुँगुरको मुटु प्रत्यारोपण**
यो मिर्गौला बायोटेक कम्पनी इजेनेसिसद्वारा इन्जिनियर गरिएको सुँगुरबाट प्राप्त गरिएको हो, जसले अंगको सम्भावित अस्वीकृतिमा संलग्न तीनवटा जिनहरू हटाएको थियो । साथै, मानव अनुकूलता बढाउन सात मानव जिनहरू पनि सम्मिलित गरिएको थियो । सुँगुरहरू रेट्रोभाइरसका वाहक हुने भएकाले कम्पनीले मानिसलाई सर्ने सम्भावना रहेको भाइरसलाई पनि निष्क्रिय बनाएको थियो । अमेरिकाको बोस्टनस्थित म्यासाचुसेट जेनेरल अस्पतालका लेगोररेटा सेन्टर फर क्लिनिकल ट्रान्सप्लान्ट टोलरेन्सका निर्देशक डा. तात्सुओ कावाई र डा.नाहेल इलियाससहित सर्जनहरूको टोलीले चार घण्टा लामो शल्यक्रिया गरेर स्लेम्यानको प्रत्यारोपण गरेका थिए ।

*-इकान्तिपुर डटकम*

# धेरैजसो बैंकले फेरी घटाए ब्याजदर




**पाल्पा,** वैशाख ३१/ वाणिज्य बैंकहरुले जेठ महिनाका लागि निक्षेपको ब्याजदर घटाएका छन् । व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम ७.१४ प्रतिशत ब्याज प्रस्ताव गरिरहेका बैंकहरूले जेठका लागि औसत ७.०६ प्रतिशत दिने घोषणा गरेका हुन् ।

१ जेठदेखि लागू हुने गरी वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर पुन: घटाएर मुद्दतीमा पैसा राखेर ब्याज कमाउन चाहनेलाई निराश पारेका छन् । वाणिज्य बैंकहरूले भदौयता निरन्तर ब्याजदर घटाइरहेका छन् ।

बैंकहरूमा बढ्दो निक्षेप र घट्दो कर्जा लगानीको कारण केही महिनादेखि ब्याजदर परिवर्तन भइरहेका छन् । बैंकहरुले सार्वजनिक गरेको ब्याजदरमध्ये जेठको लागि तीन बैंकले सामान्य रुपबाट ब्याजदर बढाएका छन् । ब्याजदर बढाउनेमा एनआइसी एशिया, प्रभु र ग्लोबल आइएमइ छन् । एनआइसी एशिया बैंकले ७.७५ प्रतिशतबाट बढाएर ७.८ प्रतिशत ब्याजदर पुर्‍याएको छ । प्रभु र ग्लोबल आइएमइ बैंक दुवैले ७ प्रतिशतबाट बढाएर ७.५ प्रतिशत पुर्‍याएका छन् । अहिले सबैभन्दा धेरै ब्याज एनएमबी बैंक र एनआइसी एशिया बैंकबाट पाइने भएको छ । यी दुवै बैंकले अधिकतम ७.८ प्रतिशतसम्म ब्याजदर दिने छन् ।

वैशाख महिनाका लागि व्यक्तिगत मुद्दतीको अधिकतम ब्याजदर १९ वाणिज्य बैंकको औसत ७.१४ प्रतिशत रहेकोमा जेठ महिनाका लागि ७.०६ प्रतिशतमा कायम भएको छ । सार्वजनिक सूचीअनुसार व्यक्तिगत मुद्दती निक्षेपमा ७ बैंकले वैशाखकै दरलाई यथावत राखेका छन् । लक्ष्मी सनराइज, कुमारी, नेपाल, नेपाल इन्भेस्टमेन्ट मेगा, स्टान्डर्ड चार्टर्ड, हिमालयन र माछापुच्छे बैंकले व्यक्तिगत मुद्दतीमा दिने अधिकतम ब्याजदर वैशाखकै दरलाई यथावत राखेका छन् । त्यस्तै ९ बैंकले ब्याजदर घटाएका छन् । एभरेस्ट, नबिल, सानिमा, सिद्धार्थ, एनएमबी, सिटिजन्स, प्राइम, राष्ट्रिय वाणिज्य र एसबीआई बैंकले ब्याजदर घटाएका हुन् ।

बैंकहरुले व्यक्तिगत मुद्दती निक्षेपको अधिकत ब्याजदर घटाएपछि बचत र कल निक्षेपको ब्याजदर घटाउन सक्छन् । राष्ट्र बैंकले व्यक्तिगत मुद्दती निक्षेपको माथिल्लो सीमा र बचतको न्यूनतम ब्याजदरबीचको अन्तर ५ प्रतिशत भन्दा धेरै हुन नहुने व्यवस्था गरेको छ । यसले गर्दा बचतको ब्याजदर पनि घट्न जानेछ ।

# पाल्पामा प्राविधिक शिक्षक समिति गठन




**पाल्पा,** वैशाख ३१/पाल्पामा पहिलो पटक प्राविधिक शिक्षक समिति (TTA) पाल्पाको गठन भएको छ ।

जिल्लाको तानसेनस्थित श्रीनगरडाँडामा भएको प्राविधिक विद्यालयका शिक्षकहरुको भेलाले नयाँ समिति गठन गरेको हो । जसको अध्यक्षमा तिलकराम भण्डारी, उपाध्यक्ष विक्रम खनाल, महासचिव अमर गाहा, सचिव मिथिलेस कुमार कापरी, कोषाध्यक्ष सञ्जिव भित्रीकोटी रहेका छन् । भेलाले सदस्यहरुमा होमबहादुर खड्का, डा. निरज श्रेष्ठ, सभ्यता पराजुली, सृष्टि गैरे,दिलबहादुर थापा,ज्ञानेन्द्र पौडेल, तोयनाथ बस्याल, रामचन्द्र पङ्गेनी, पदम गाहा, कुमार पौडेल, सुशील भण्डारी, मिलन थापा, सतिस के चौधरी, निर्मल सोमै, सुशील भण्डारीलाई सर्वसम्मतले चयन गरेको छ । त्यसैगरी सल्लाहकारहरुमा टंक प्रसाद भुसाल, कमल पौडेल, विरर्वमा सोमै, सनोज यादव रहेका छन् । जिल्लामा रहेका ११ वटा प्राविधिक विद्यालयका प्रशिक्षक,स-प्रशिक्षक, शिक्षक, ल्याव ब्वाएहरुको सहभागीता रहेको थियो । उक्त कार्यक्रममा वनभोजका साथै नयाँ वर्षको शुभकामना आदान-प्रदान समेत गरिएको थियो ।

## खेलकुद समाचार

# टी-२० विश्वकप : नेदरल्यान्ड्सको टोली घोषणा



**काठमाडौं,** वैशाख ३१/आइसिसी टी-२० विश्वकप २०२४ का लागि नेदरल्यान्ड्सले राष्ट्रिय टोली घोषणा गरेको छ ।

१५ सदस्यीय टोलीमा अनुभवी अलराउन्डर रोइलोफ भान मर्वे र प्रमुख ब्याट्सम्यान कोलिन अकरम्यान समावेश छैनन् । स्पिनर टिम प्रिन्गल, युवा बलर काइल क्लेन र ओपनर माइकल लेभिटले विश्वकप टोलीमा स्थान बनाएका छन् । लेभिटले फेब्रुअरीमा नेपालमा खेलिएको त्रिकोणीय शृंखलामा नामिबियाविरुद्ध ६२ बलमा शतक प्रहार गरेका थिए ।

**नेदरल्याण्ड्सको टोली:** स्कट एडवर्ड्स (कप्तान), आर्यन दत्त, बास डे लीड, डेनियल डोरम, फ्रेड क्लासेन, काइल क्लेन, लोगान भान बीक, म्याक्स ओडाउड, माइकल लेभिट, पल भान मिकेरेन, साइब्रान्ड एंगेलब्रेच, तेजा निदामानुरु, रुटिम प्रिन्गल, विक्रम सिंह, भिव किंगा, वेस्ली ब्यारेसी । नेदरल्यान्ड्स नेपाल रहेको समूह 'डी' मा छ । समूहमा नेपाल र नेदरल्यान्ड्ससँगै श्रीलंका, दक्षिण अफ्रिका र बंगलादेश छन् । नेपाल र नेदरल्यान्ड्स बीचको खेल जुन ४ मा डालासको ग्रान्ड प्रियरी मैदानमा हुनेछ ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

# नृत्य निर्देशक संघ पाल्पा गठन



**पाल्पा,** वैशाख ३१/जिल्लामा नृत्य निर्देशक संघ पाल्पा गठन भएको छ । जिल्लामा क्रियाशिल नृत्य कलाकारहरुको भेलाले सुमन थापाको अध्यक्षतामा १७ सदस्यीय समिति गठन गरेको हो ।

जसको उपाध्यक्षमा पुरन गाहा, महिला उपाध्यक्षमा मनिषा पुन, सचिवमा करण चित्रकार, सह-सचिव राज राई, कोषाध्यक्ष कमल गाहा र सह कोषाध्यक्ष गोकुल सारु रहेका छन् । कार्यक्रममा प्रमुख तानससेन नगरपालिकाका सामाजिक विकास अधिकृत भरत आचार्यले देशका विभिन्न क्षेत्रमा लुकेर रहेका कलासंस्कृतीको उत्थानमा नृत्य कलाकारको भूमिका महत्वपूर्ण रहेको बताए । सोही अवसरमा नृत्य निर्देशक संघ लुम्बिनी प्रदेशको समेत दोस्रो साधारण सभा तथा अधिवेशन भएको छ । अधिवेशनले लोकेन्द्र शाहलाई नै प्रदेश अध्यक्ष चयन गरेको छ ।

कार्यक्रममा केन्द्रिय सदस्य दावा लामाले नृत्य गर्ने कार्य पेशा र रमाइलो विषषय मात्र नभएर देशको पहिचान पनि भएको उल्लेख गरे । नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्माले देशको कला र कलाकारको संरक्षण गर्नु राज्यको दायित्व भए पनि राज्यले आफ्नो दायित्व पुरा गर्न नसकेको उल्लेख गरे ।

# पाल्पामा...

...जेठ ९ गते बुद्धविहार होलाङ्दीमा ज्ञानमाला भजन, शील प्रार्थना, बुद्ध पुजा र धर्मदेशना कार्यक्रम, महावोधी विहार लहरे पिपलमा शान्ति दिपयात्रा, सन्तोक बौद्धगुम्वा चिर्तुङ्गधारामा शान्ति दिपयात्रा, महाचैत्यविहार टक्सारमा ५१ औं अन्तरमावि हाजीरी जवाफ कार्यक्रम, बौघागुम्वामा बुद्धपुजा र १०८ दिपप्रज्वलन र महाचैत्य विहार टक्सारमा सामुहिक ज्ञानमाला भजन कार्यक्रम रहेको छ । जेठ १० गते बौद्ध पूणिमाको दिन विहान प्रभातफेरी, जिल्लामा रहेको सबै बौद्धविहारहरुमा ज्ञानमाला भजन, शील प्रार्थना, बुद्ध पुजा र धर्मदेशना, प्रसाद भोजन कार्यक्रम, १० बर्षसम्मका बालबालिकाहरुलाई कल्पबृक्ष दान, भगवान बुद्धको रथयात्रा तथा नगर परिक्रमा कार्यक्रम, बेलुका विहार तथा घर-घरमा दिपावली गर्ने कार्यक्रम रहेको समितिका निवर्तमान अध्यक्ष विरेन्द्रकाजी शाक्यले बताए । जेठ१२ गते दमकडा माविका दृष्टिविहिन विद्यार्थीहरुलाई भोजन दान कार्यक्रम गरेर बुद्धजयन्तीका विविध कार्यक्रम समापन गर्ने समितिले जनाएको छ । उसले जेठ ५ गतेदेखी १२ गतेसम्म ३९ वटा कार्यक्रमहरु गर्ने जनाएको छ । कार्यक्रममा पत्रकारहरुले उठाएका जिज्ञासाहरुको बौद्धविद्वान छत्रराज शाक्य, समितिका अध्यक्ष उत्पल कुमार बज्राचार्य, निवर्तमान अध्यक्ष विरेन्द्रकाजी शाक्य, उपाध्यक्ष मनिन्द्र बज्राचार्य, कोषाध्यक्ष बसन्तलाल बज्राचार्य लगायतले जवाफ दिएका थिए । समितिका सचिव ज्ञानेन्द्रकाजी शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने सर्वोत्तम उपाय :**

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाइबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाई बन्द राखे ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, नजिकैको स्वास्थ्य चौकीमा सम्पर्क गरी उपचार गर्ने ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

**'विषादी बिष हो : औषधी होइन'**

- बिषादी प्रयोग गर्दा सुरक्षित पहिरनको प्रयोग गर्ने गरौं ।
- गुणस्तरहिन तथा म्याद नाघेको बिषादीहरुको प्रयोग नगरौं ।
- बिषादी प्रयोग गरेको अवस्थामा खानेकुरा, पेय पदार्थ, सूर्ति तथा चुरोटपान आदि सेवन नगरौं ।
- ज्यादै कडा तथा आवश्यकता भन्दा बढी बिषादीहरुको प्रयोग नगरौं ।
- स्पष्ट जानकारी बिना बिषादीहरु एक अर्कामा मिसाइ प्रयोग नगरौं र पानी परेको, हावा चलेको तथा शित परेको अवस्थामा बिषादीहरुको प्रयोग नगरौं ।

अनुरोधक
नेपाल सरकार
कृषि तथा पशुपन्छि विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई (तरकारी जोन)
पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई